# कोडिभ अस्पतालमा डाक्टर कुटिए

**एक्सप्रेस सम्वाददाता**
देलखा, असार १३।

दोलखाको तामाकोशी गाउँपालिका वडा नम्बर ४ मालुमा सञ्चालित मालु कोभिड अस्पतालका चिकित्सक तथा कर्मचारीमाथि गयराति हातपात भएको छ। राति १२ बजे स्थानीय केही युवाले मदिरा सेवन गरेर अस्पताल प्रवेश गरी डा रोविश कार्की र कार्यालय सहयोगी टोपहादुर मिजारलाई हातपात गरेको वडा नं ४ का वडाध्यक्ष होमबहादुर श्रेष्ठले बताए।

गाउँपालिका अध्यक्ष ईश्वरचन्द्र पोखरेलका अनुसार अस्पताल परिसरमा प्रवेश गरी कोभिडबाहेक अन्य बिरामीको समेत उपचार गर्नका लागि दवाव दिँदै चिकित्सकमाथि हातपात भएको थियो। बन्द ढोका नाघेर प्रवेश गरेका ती युवालाई अस्पतालमा कोरोनाका बिरामी रहेको कारण भित्र प्रवेश नगर्न भनेको र केही समस्या भएमा आफूले कोभिड बिरामीभन्दा छुट्टै परीक्षण गराउने बताउँदा पनि एक्कासि आफूमाथि हातपात गरेको डा। कार्कीले बताए।

चार युवाले आफूहरुमाथि हातपात गर्न थालेपछि चिकित्सक तथा कर्मचारी भागेर बसेको जनाइएको छ। अभियुक्त तीनजनालाई प्रहरीले नियन्त्रणमा लिएको छ। प्रहरीले मालुका गोपाल तिमिस्सिना, रोशन पोखरेल र विजुले नेपालीलाई नियन्त्रणमा लिएको छ। घटनाका विषयमा अनुसन्धान भइरहेको र कानूननुसार कारवाही गरिने दोलखाका प्रहरी प्रमुख भेपराज रिजालले बताए।

उर्लाबारीको मदन भण्डारी अस्पतालको सेवा अनिश्चितकालका लागि बन्द त्यस्तै यता मोरङको उर्लाबारी नगरपालिकास्थित मदन भण्डारी अस्पताल तथा ट्रमा सेन्टरको सेवा अनिश्चिकालका लागि बन्द भएको छ। अस्पतालका स्वास्थ्यकर्मी तथा कर्मचारीसहित १२ जनामा एकैसाथ कोरोना संक्रमण पुष्टि भई होम आइसोलेसनमा बसेपछि अस्पतालको सेवा अनिश्चितकालका लागि बन्द गर्नु परेको अस्पतालका निमित्त मेडिकल सुपरिन्टेन्डेन्ट डा।दिव्य खनालले जानकारी दिए।
आफूसहित अर्का एक चिकित्सक, नर्स, ल्याब कर्मचारी र कार्यालय सहयोगी गरी १२ जना संक्रमित भई होम आइसोलेसनमा रहेको उनको भनाइ छ। सबै संक्रमितहरूले पहिले नै कोभिड बिरुद्धको खोप लगाइसकेकाले गम्भीर लक्षण नदेखिएको उनले प्रष्ट पारे।

१५ शैयासहितको उपचार सेवा प्रदान गरिरहेको अस्पतालले कोरोना संक्रमितका लागि १२ शैयाको आइसोलेसन सेन्टरसमेत सञ्चालनमा ल्याएकोमा स्वास्थ्यकर्मी संक्रमित भएपछि अस्पतालको सेवा नै प्रभावित भएको हो। यद्यपि, अस्पतालको आकस्मिक सेवा भने यथावत रहेको निमित्त मेसु डा।खनालले जानकारी दिए। प्रदेश सरकारले सो अस्पतालको क्षमता बढाई ५० शैया पुर्याउने लक्ष्य राखेको छ।

## मापसे गरी प्रहरीको गाडीलाई ठक्कर दिएपछि

**एक्सप्रेस सम्वाददाता**
धरान, असार १३।

प्रदेश नम्बर १ बिराटनगरको प्रहरी तालिम केन्द्रका प्रहरी वरिष्ठ उपरीक्षक ९एसएसपी० सवार गाडीलाई गए राती धरानको तीनकुनेमा एक स्कुटरले ठक्कर दिएको छ। राती करिब साढे ९ बजे एसएसपी सवार बा १ भ्क ४९७३ नम्बरको गाडीलाई प्रदेश।१।०२। ०४३ प ७८७६ नम्बरको स्कुटरले ठक्कर दिएको हो।
एसएसपी धरानबाट बिराटनगर तर्फ गइरहेका थिए भने स्कुटर पनि सोही दिशातर्फ गइरहेका थिए। उक्त दुर्घटनामा एसएसपी सवार गाडी सामान्य कोरिएको प्रदेश ट्रूफिक प्रहरी कार्यालय इटहरीले जनाएको छ।
स्कुटर चालक बर्दिया घर भई हाल धरान ८ बसोबास गर्ने २३ वर्षीय सुमन चौधरीले सामान्य मापसे गरेको भेटिएको पनि ट्रूफिक प्रहरीको भनाई छ। यस्तै, स्कुटर चालक चौधरी र पछाडि सवार संखुवासभाको सिलिचोङ गाउँपालिका ५ का ३३ वर्षीय प्रमोद तिम्सिना सामान्य घाइते भएका थिए।
उनीहरु दुवैलाई बीपी प्रतिष्ठानमा उपचारको लगिएको थियो। दुवै जना वेल्डिंगको काम गर्ने गरेको खुलेको छ। स्कुटर अस्थायी प्रहरी पोष्ट तिनकुनेको नियन्त्रणमा रहेको छ भने स्कुटर चालकको सवारी चालक अनुमति पत्र खुलेको छैन। स्कुटर चालक मापसे गरेको कारण उक्त दुर्घटना भएको प्रहरीको भनाई छ।


## मोटरसाईकल हरायो

मेरो बजाज कम्पनीको मोटरसाईलका सप्तरी जिल्ला सुरुङगा नगरपालिका वडा नं. ४ मा मिति २०७८ वैशाख १५ गते हराएको हुदाँ पाउनु हुने महानुभावले नजिकको प्रहरी चौकी वामलाई तपशिलको मोवाईल नम्बरमा सम्पर्क गरिदिनुहुन अनुरोध छ।

**बाईक कलर** : Red and Black 220- CC Bajaj Company
**बाईक नं.** : स ११ प ४९८१
**इन्जिन नं.** : **Dkycka:90167**
**च्यासिस नं** : **MD2A13EY2KCA-80594**
**मोवाईल नम्बर** : ९८११७८०८००


## घुस लिने प्रहरी जवानमालाई मुद्दा

**एक्सप्रेस सम्वाददाता**
काठमाडौं, असार १३।

सेवाग्राहीसँग घुस लिएको आरोपमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले एक प्रहरी जवानमाथि विशेष अदालतमा भ्रष्टाचार मुद्दा दायर गरेको छ। आयोगका प्रवक्ता नारायणप्रसाद रिसालका अनुसार सुनसरीको सीतागञ्जस्थित इलाका प्रहरी कार्यालयमा कार्यरत प्रहरी जवान कसिन्दर यादवमाथि भ्रष्टाचार मुद्दा दायर गरिएको हो।
हिरासतमा रहेका अभियुक्तलाई छुटाइदिने भन्दै प्रहरी जवान यादवले ६० हजार रुपैयाँ घुस माग गरेको उजुरीका आधारमा अख्तियारको इटहरीस्थित सम्पर्क कार्यालयबाट परिचालित टोलीले घुससहित उनलाई गत चैत २६ गते पक्राउ गरेको थियो।

पक्राउ परेका यादवमाथि ६० हजार रुपैयाँ बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (ग) बमोजिम जरिवाना र कैद सजाय माग गर्दै अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १८ एवं भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३६ बमोजिम मुद्दा दायर गरिएको प्रवक्ता रिसालले जानकारी दिए।

## महोत्तरीमा खाल्डोमा गाडिएको अवस्थामा शव भेटियो

**एक्सप्रेस सम्वाददाता**
जनकपुर, असार १३।

महोत्तरीमा खाल्डोमा गाडिएको अवस्थामा शव फेला परेको छ। जिल्लाको लोहारपट्टी नगरपालिका९७ मा खाल्डोमा भेटिएको शव स्थानीय सुजिता ठाकुरको भएको अनुमान छ। २६ वर्षकी सुजिता गत जेठ २० गतेदेखि बेपत्ता थिइन्। शव सुजिताको घरदेखि करिब डेढ किलोमिटर टाढा खेतमा गाडिएको अवस्थामा फेला परेको उनका भाइ शिवमले बताए। उनका अनुसार सुजिताको शव खेतमा गाडेको सूचना आएपछि प्रहरी बोलाएर उत्खनन गरिएको थियो।


## खसी तथा कुखुराको मासु सुपथ मुल्यमा

तपाई हाम्रै शहर गाईघाटमा विगत ६ बर्ष देखि निरन्तर सेवा दिँदै आएको न्यू त्रियुगा फ्रेस हाउसको सफलता पछि अब त्रियुगा फ्रेस हाउस समेत संचालनमा रहेको सहर्ष जानकारी गराउदछौ।





प्रो. ईश्वरी घिमिरे
९८४३४०७१६३
प्रो. रामकुमार घिमिरे
९८०५९७८८४४

हाम्रा सेवाहरु : खसी, लोकल कुखुरा, ब्रोइलर कुखुराको मासु सुपथ मुल्यमा उपलब्ध छ। साथै विवाह, भोज, पार्टी, पिकनिकहरुको लागि होम डेलिभरीको समेत सेवा उपलब्ध छ।

न्यू त्रियुगा फ्रेस हाउस हिमाली टोल हिमालय होटल छेउ
त्रियुगा फ्रेस हाउस रामाजानकी पार्टी प्यालेस छेउ बाबारानी मार्ग गाईघाट


## कटारी नगरपालिका

**दरभाउ स्वीकृत गर्ने आशयको सूचना !**

**प्रकाशित मिति : २०७८।०३।१४**

यस कटारी नगरपालिकाको तपसिल बमोजिम विवरण भएको क्याटलग/ब्रोसर सपिङ्ग विधि बाट हाते ट्याक्टर खरीद गर्न मुल्याकंन भई स्वीकृतीका लागि पेश भए पश्चात यस नं.पा.को निर्णयानुसार सार्वजनिक खरिद ऐन (पहिलो संशोधन) २०६३ को दफा २७ को उपदफा १,२ र ३ को प्रयोजनार्थ यो सुचना प्रकाशित गरिएको छ।

**तपशिल-**

| सि. न. | कामको विवरण | स्पेसिफिकेसन | सारभुत प्रभावग्राही फर्म | सामानको परिमाण | स्वीकृत दरभाउ पत्रको कबोल रकम (मु.ब.कर बाहेक) |
|---|---|---|---|---|---|
| १ | मिनिटिलर | Mini trailer Electric – self start Diesel Engine 9HP(6.3 KW) /3600 RPM /186 F | नैया तुलसी फोर हवील्स प्रा.लि. धनगढी,कैलाली | २७ | २०,४९,३००।- |
| २ | मिनिटिलर | Mini trailer Electric – self start Diesel Engine 7 HP/ 1800 RPM | स्मार्ट एग्रो सोलुसन प्रा.लि. भक्तपुर | १५ | १०,४२५००।- |

प्रमुख प्रशासकीय अधिकृत


## ग्राहक वर्गलाई खुसीको खबर | एन.जे.पी चस्मा घर

आँखा उपचार केन्द्र अब हाम्रै गाईघाट बजारस्थित हिमाली टोलमा..

बिहान ८ देखि बेलुका ६ बजेसम्म कम्प्युटराईज मेसिनद्वारा आँखारोग विशेषज्ञ डाक्टरबाट आँखाको चेकजाँच गरिनुका साथै लेन्स र सबै प्रकारका चस्माहरू, फेम, सनग्लासेस लगायत उपलब्ध छ।
नोट : यही बैशाख महिनाभर ३० प्रतिशत छुट र निशुल्क आँखा जाँच भइरहेको छ।

सम्पर्क : जाबेद खान र प्रवेश खान
सम्पर्क नम्बर : ९८१३८५६८८३ र ९८०४७७३९४५
**एन.जे.पी चस्माघर**
त्रिनपा ११ हिमालीटोल, गाईघाट
उदयपुर







Scanned with CamScanner